सकारात्मक सोचका साथ रचनात्मक काम गरौं

**बेनीघाट रोराङ गाउँपालिकाको शैक्षिक सुधारका लागि प्रस्तावित ८८ बुँदे मार्गचित्र, २०८०**

आजको २१ औं शताब्दीमा गुणस्तरीय शिक्षा सर्वसुलभ रुपमा हाँसिल गर्न पाउनु नागरिकको नैसर्गिक अधिकारको रुपमा स्थापित गराउने प्रयास भएको पाइन्छ । नेपालको संविधानले पनि शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको छ । आधारभूत तह सम्मको शिक्षा अनिबार्य र निशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क हुनुपर्छ भन्ने नेपालको बर्तमान संविधानमा उल्लेख छ । शिक्षामा सर्वसाधरणको पहुँच बढाउँदै जीवन र उत्पादनसँग जोड्दै लैजानु आजको आवश्यक्ता हो । शिक्षालाई बैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्दि, शिक्षामा भएको नीजि क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने जस्ता शिक्षामा पहुँच सुनिश्चित गर्न तथा उपलब्ध सुविधाको न्यायोचित सदुपयोग गर्ने वातावरण सिर्जना गर्न राज्यले विविध नीति अख्तियार गरेको छ । दिगो विकास लक्ष्य अन्तर्गत नेपालले सन् २०३० सम्ममा निशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक शिक्षा र माध्यमिक शिक्षाको सुनिश्चतता गर्नु पर्नेछ । नेपाल सरकारले सबैका लागि गुणस्तरीय शिक्षा प्रदान गर्न अन्तराष्ट्रिय मन्चमा प्रतिवद्दता जनाएको छ । मुलुक अहिले संघीयताको अभ्यासमा छ । नेपालको संबिधानले अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकार सूचीमा राखेको छ । सबैका लागि गुणस्तरीय शिक्षाको लक्ष्यमा पुग्न बेनीघाट रोराङले विभिन्न योजना र कार्याक्रमहरु कार्यान्वयन गर्दै आएको छ । तैपनि तोकिएको समयमा लक्षित उद्देश्य हासिल गर्न हम्मे हम्मे परेको छ । जवसम्म स्थानीय जनसमुदाय र सरोकारवालाहरुको चिन्ता र चासो बढ्दैन, स्थानीय सरकारको एकल प्रयासले मात्र शैक्षिक कार्यक्रम सफल हुने लक्षण छैन । विद्यालयमा विद्यार्थीको अन्तरनीहित प्रतिभाको प्रष्फुटन गराउने शैक्षिक वातावरण वनाउन तथा आवश्यक साधन स्रोतको तर्जुमा र पहिचान गर्न सरोकार पक्षको ध्यान जानु जरुरी छ । सरोकार पक्ष खास गरी शिक्षक, विद्यार्थी, अभिभावक तथा समग्र समुदायको सक्रियता विना शैक्षिक अभियान प्रभावकारी हुनसक्दैन । बालबालिकालाई सहज वातावरणमा विद्यालय सम्म पुर्याउन र उनीहरुलाई टिकाई राख्न मात्र नभएर उपलब्धीस्तर उच्च र उनीहरुलाई संस्कारी बनाउन घरपरिवार र समुदायको अहम भूमिका हुन्छ । राज्यले गरेको लगानीबाट मात्र रोचक शैक्षिक वातावरण बनाउन सकिने अवस्था छैन, गैर सरकारी तथा स्थानीय समुदायको सद्भाव, सहयोग र सहकार्य विना कुनै पनि शिक्षण संस्था फस्टाउन सक्ने अवस्था देखिदैंन । अतः आफ्नो विद्यालय आफैं बनाऊँ भन्ने भावनाको विकास सरोकार पक्षमा हुनु आवश्यक छ । विद्यालयको व्यवस्थापकीय पक्ष र शैक्षिक लक्ष्य हांसिल गर्ने तर्फ समर्पित, जवाफदेही र उत्तरदायी बनाउन समय र श्रम अझ खर्चिनुपर्ने देखिन्छ । त्यस्तै सरकारी, गैरसरकारी संघ-संस्था, स्थानीय जनसमुदायको सद्भाव र सहयोग विना अपेक्षित लक्ष्य हाँसिल गर्न प्राय कठिन हुन्छ। तसर्थ, शिक्षाको दायित्व राज्य,स्थानीय सरकार र स्थानीय समुदायले के कति लिनुपर्ने हो ? वहसको विषय वनेको छ । सामुदायिक विद्यालय प्रति सेवाग्राही, समुदायको आस्था र विश्वास कसरी बढाउन सकिन्छ ? चुनौति वनेको छ । विद्यालयको व्यवस्थापकीय पक्षलाई सशक्त कसरी बनाउन सकिएला ? चिन्ताको विषय बनेको छ ।

समाजको अगुवारुपी शिक्षक कक्षाकोठाको केन्द्रिय पात्र हो । कक्षाकोठा सार्थक नबने सम्म शिक्षाले गति लिन सक्दैन । शिक्षकले चाहे धेरै हदसम्म शैक्षिक समस्या हल गर्न सक्दछ । कतिपय सामुदायिक विद्यालयमा शिक्षक, विद्यार्थी अनुपस्थित हुने दर बढी भएको देखिन्छ । प्रायः शिक्षक चार किसिमले अनुपस्थित हुने गरेको पाइएको छ । जसअनुसार पहिलो प्राय विद्यालय नै नजाने, दोस्रो ढिलो विद्यालय जाने चाँडो फर्कने, तेस्रो विद्यालय समयमा जाने तर कक्षामा ढिलो प्रवेश गरी चाँडो निस्कने र चौथोमा कक्षामा समयमा प्रवेश गर्ने तर शारीरिक

रुपमा मात्रै मानसिक रुपमा अनुपस्थित हुने अर्थात विना तयारी कक्षामा प्रवेश गर्ने। यसरी एक शैक्षिक सत्रको लागि बनाइएको पाठ्यविषय आधा भन्दा कम समयमा पढाएर गुणस्तरीय शिक्षाको अपेक्षा गर्नु कत्तिको बुद्दिमत्तापूर्ण सोच होला ? अर्को तर्फ विगतमा विद्यालय सवै खाले माग पूरा गर्न आन्दोलनको तारो वन्दै आयो तर अव यो विडम्वनापूर्ण संस्कारबाट कसरी मुक्त गराउन सकिएला ? चिन्ता र चिन्तनको विषय हुनुपर्छ,।

शिक्षा क्षेत्रमा गरिएको सम्पूर्ण लगानीको सार्थकता विद्यार्थीको उच्च शैक्षिक उपलब्धीस्तर तथा उत्पादित जनशक्ति विश्व श्रम बजारमा खरो प्रतिस्पर्धा गरी सफल भई खपत हुनमा निर्भर गर्छ । जवसम्म कक्षाको शिक्षण सिकाई क्रियाकलापमा नवीन ज्ञान, सीप र अभिबृत्ति प्रवेश गराउन सकिन्न तवसम्म हामीले गुणस्तरीय शिक्षाबाट बालबालिकालाई भविष्यको लागि सुसज्जित गराउन सकिन्न । विद्यालय तथा कक्षा कोठामा गरिने शैक्षिक क्रियाकलाप विद्यार्थीको पारिवारिक लगाएतका पृष्ठभूमिलाई संवोधन गर्ने खालको हुनुपर्छ । सेवाग्राही अभिभावक विद्यार्थीको विश्वास जित्न निरन्तर प्रयत्नशील रहनु पर्छ । विद्यालयको वातावरण रोचक बनाउनुपर्दछ । विद्यालय समाजलाई प्रतिविम्वित गर्ने सानो समाज हो, जहाँ समुदायका हरेक क्षेत्र र वर्गका बालवालिका पढ्न आउँछन् । तसर्थ, वालवालिकाको अन्तरनीहित प्रतिभा प्रष्फुटन गराउने शैक्षिक वातावरण वनाइनु पर्दछ । अनुशासनको नाममा विद्यार्थीको शारीरिक, मानसिक, मनोबैज्ञानिक एवं संवेगात्मक भावनामा कुण्ठित पार्ने खालको व्यवहार गरिनु हुन्न । कक्षा कोठाको वातावरण लोकतान्त्रिक मूल्य र मान्यता अभ्यास गर्ने बालमैत्री बनाइनु पर्दछ । विद्यार्थी विद्यालयबाट भागेर घर होइन घरबाट भागेर विद्यालय जाने वातावरण बनाउनुपर्दछ । शिक्षकले सर्वप्रथम विद्यार्थीको पृष्ठभूमिलाई अध्ययन गरी सोही अनुसारको पाठ्यक्रम, पाठ्यवस्तु, शिक्षण विधि प्रयोग गर्नु फलदायी हुन्छ ।

शैक्षिक विकृति, विसंगति र क्षतिलाई निरुत्साहित र न्यूनिकरण गर्न तथा शिक्षाका हरेक नीति र कार्यक्रमहरु विद्यालय र विद्यार्थी केन्द्रित बनाउने हेतुले हाललाई बेनीघाट रोराङ गाउँपालिकाबाट शैक्षिक सुधारका लागि ९१ बुँदे मार्गचित्र प्रस्ताव गरिएको छ ।

१. विद्यार्थीको उपलब्धिस्तर उच्च वनाउनको लागि चालु शैक्षिकसत्र देखि विद्यार्थीको अनुमानित विषयगत उत्तीर्ण प्रतिशतको लक्ष्य निर्धारण गरेर शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने साथै यसै शैक्षिक सत्र २०८० देखि लेटर ग्रेडिङ निर्देशिका २०७८ बमोजिम Mission to more than 3.6 GPA ( A) = Excellent हासिल हुने गरी योजना बनाई कार्यान्वयन गर्ने ।
२. समाजको माग अनुरुप सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट अध्यापन गर्न प्रोत्साहित गर्ने ।
३. सामुदायिक र संस्थागत विद्यालयबीच मितेरी सम्बन्ध स्थापना गर्दै सहकार्यको वातावरण वनाउन विद्यालय र स्थानीय तह दुबै लाग्ने।
४. शिक्षा शाखाबाट प्रकाशित विविध सूचना तथा विस्तृत योजना र निर्देशन भएको शैक्षिक क्यालेण्डरको प्रभावकारी कार्यान्वयन गर्ने ।
५. पालिका स्तरमा गठन भएको विषयगत समितिहरुलाई सक्रिय बनाई शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी वनाउने ।
६. विद्यालय स्वः मूल्यांकन रुजु सूची तयार र कार्यान्वयन गरी सार्वजनिक गर्ने।
७. बालवालिकाहरुलाई रचनात्मक, सिर्जनात्मक तथा सामाजिक कार्यमा संलग्न गराएर आत्मवल र आत्मविश्वासलाई सुदृढ गराउन विद्यालयले आयोजना गर्ने शैक्षिक एवं सामाजिक कार्यक्रमहरुमा विद्यार्थीलाई सक्रिय बनाई शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्ने परम्पराको विकास गर्ने।
८. अनुगमन र निरीक्षणलाई अर्थपूर्ण र प्रभावकारी बनाउनको लागि गाउँपालिका शिक्षा शाखाले विषय विशेषज्ञ सहितको सदस्य भएको समूह सुपरिवेक्षण (Team Supervision) को प्रारम्भ गर्ने। विद्यालय भित्रै शिक्षक, प्रअ,

व्यवस्थापन, अभिभावक, विद्यार्थीबीच सहकार्य र सम्वादको वातावरणलाई सुमधुर बनाउदै प्राज्ञिक विकासका लागि सहकर्मीबाट सुपरिवेक्षण, अवलोकन (Inhouse Supervision) का आधारमा सुधारात्मक छलफल र पृष्ठपोषण गर्ने वातावरण सिर्जना गर्ने ।

९. माध्यमिक शिक्षा परीक्षा (SEE) लगायत अन्य कक्षाको परीक्षाको पनि नतिजा विश्लेषण (Result Analysis) गरी परीक्षा पद्दति तथा पठनपाठनमा सुधार ल्याउने उपायहरुको खोजी गर्ने।

१०. वडा शिक्षा समितिहरुले विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको समय र कामलाई बढी रचनात्मक, र योजनाबद्द वनाएर अधिकाधिक सफलता हासिलका लागि दूरदृष्टि पत्र (Vision Paper) निर्माण गर्न प्रशिक्षित र प्रोत्साहित गर्ने ।

११. शिक्षण पेशालाई सामाजिक प्रतिष्ठाको पेशा वनाउन उत्कृष्ट, लगनशील, पेशाप्रति समर्पित शिक्षकलाई बस्तुनिष्ठ र पारदर्शी ढंगले सम्मान र पुरस्कृत गर्ने ।

१२. शिक्षासंग सम्बन्धित सूचनाहरुलाई संकलन, प्रशोधन र विश्लेषण गरी प्राप्त नतिजालाई शैक्षिक योजना निर्माण, कार्यान्वयन र अनुगमन मूल्यांकनमा प्रयोग गर्न शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) भर्ने र अपडेट अनिवार्य रुपमा गर्ने ।

१३. पेशागत संघ संगठनहरु प्राज्ञिक कार्यक्रमहरु सेमिनार, गोष्ठि, अनुगमन एवं तालिम सञ्चालन लगायत रचनातात्मक कार्यहरुमा आफ्नो जिम्मेवारी र दायित्वबाट नपन्छिने ।

१४. विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको बीचमा सहकार्य, सहयोग, अनुभवको आदानप्रदान गरेर विद्यालयको व्यवस्थापकीय पक्षलाई सुदृढ वनाउनको लागि व्यवस्थापन समिति सञ्जाल निर्माण गर्न सरोकार पक्षलाई प्रोत्साहित गर्ने ।

१५. विद्यालयमा निकासा भएको अनुदान रकमको शीर्षकगत विवरण सार्वजनिक रुपमा गाउँपालिकाले प्रकाशित गरी विद्यालयमा पठाउने।

१६. कक्षा ३, ५, ८, १० र १२ लगायतका स्तरीय परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक र अभिभावकलाई सार्वजनिक सम्मान गर्ने नीति अवम्बन गर्ने ।

१७. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको बैठकमा शैक्षिक गुणस्तर सुधारको प्रस्तावलाई प्रमुख एजेण्डा बनाउने।

१८. विद्यालय संस्थापक, विव्यस अध्यक्ष, शिक्षक अभिभावक संघको अध्यक्ष र प्रअहरुको नामावली र विद्यालयलाई भौतिक, शैक्षिक योगदान गर्ने गैससको नामावली प्रअको कार्यकक्षमा राख्ने।

१९. सामुदायिक विद्यालयहरुले आगामी वर्षको लागि विभिन्न शीर्षकहरुमा आवश्यक रकम वार्षिक वजेट वनाई लिखित रुपमै माग गर्ने परम्पराको थालनी गर्ने ।

२०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसका संन्देशहरु विहानको विद्यार्थी प्रार्थनाको समयमा दिने ।

२१. प्रत्येक विद्यालयमा अनुशासित बातावरण तयार गर्न शिक्षा ऐन नियमको परिधि भित्र रही शिक्षक, विद्यार्थी, व्यवस्थापन समिति तथा अभिभावक समेतको सहभागितामा आचारसंहिता तयार गरी सार्बजनिक गर्ने र सबैले पालन गर्ने गराउने ।

२२. प्रत्येक विद्यालयले विधिवत व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन गरी सामाजिक परीक्षण र लेखा परीक्षणको काम समयमै सम्पन्न गर्दै विद्यालयमा आर्थिक अनुशासन र पारदर्शिता कायम गरी विद्यालयमा सुशासन कायम गर्ने

२३. पठन पाठनमा प्रत्येक शिक्षकले पाठ्यपुस्तकलाई मात्र आधार नमानी पाठ्यक्रम, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्री तथा विज्ञान र प्रविधिमा भएका सान्दर्भिक नविनतम आविष्कारलाई पनि पठन पाठनमा प्रयोग गर्ने ।

२४. विद्यालयमा शारीरिक, मानसिक लगायत सबै खाले सजायँलाई निर्मुल गर्दै सम्मान पूर्वक पठन पाठनको अवसर दिन विद्यालयमा बालमैत्री र शिक्षक मैत्री वातावरणको सिर्जना गर्दै विद्यालय शान्ति क्षेत्रलाई दीगो रुपमा स्थापित गर्ने ।

२५. विद्यालयको ऐतिहासिक पृष्ठभूमी सहितको मौजुदा वस्तुस्थिति झल्किने संक्षिप्त श्रव्य दृष्य अभिलेख (Video Profile) सवै विद्यालयहरुले बनाउने ।

२६. सम्पूर्ण शिक्षकहरुले विद्यालय तहको पाठ्यक्रम र विद्यालय मूल्यांकन पद्दति गहन रुपमा अध्ययन गरी कार्यान्वयन गर्ने।

२७. सम्पूर्ण शिक्षकहरुले अनिबार्य रुपमा शिक्षक सक्षमता प्रारुप, २०७२ अबलम्बन गर्ने ।

२८. सम्बन्धित विद्यालय र शिक्षकहरुलाई सिकाइ उपलब्धीको आधारमा शैक्षिक सेवा सुविधाको निर्क्योल गर्ने ।

२९. विद्यालयको भौतिक,आर्थिक, प्रशासनिक तथा शैक्षिक गुणस्तर आदि जस्ता समग्र पक्षको सुधारका लागि विद्यालयको दुरदृष्टि सहितको गुरु योजना तय गर्ने र सोको आधारमा पाँच बर्षे विद्यालय सुधार योजना School Improvement Plan निर्माण गर्ने, बार्षिक रुपमा अधावधिक गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

३०. विद्यालयको बार्षिक कार्य तालिका निर्माण गर्ने र सोको आधारमा प्रत्येक शिक्षकलाई शैक्षिक योजना निर्माण गर्न लगाई सो बमोजिम शिक्षण गतिबिधिहरु सञ्चालन गर्न लगाउने ।

३१. हरेक कक्षाको विषयगत सिकाइ उपलब्धिलाई कम्तिमा पनि बार्षिक ५ प्रतिशतका दरले वृदि गर्ने गरी सिकाइ उपलब्धि सुधार योजना तयार गरी कार्यान्वयन गर्ने साथै प्रत्येक कक्षाका विद्यार्थीहरुलाई उनीहरुको सिकाइ उपलब्धि प्राप्तिको लक्ष्य निर्धारण गर्न लगाई प्रतिबद्धता पूरा गर्नको लागि सक्रिय सिकाइमा जोड दिने ।

३२. विद्यालयमा सुझाव / गुनासो पेटिका राख्ने, लैंगिक सम्पर्क विन्दु तोक्ने, बाल भित्ते पत्रिकाको शुरुवात गर्ने तथा वालक्लव गठन गरी सो सम्बन्धि गतिबिधि अगाडि बढाउने ।

३३. नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम,पाठ्यपूस्तक लागू गर्ने तथा विशिष्टीकरण तालिका अनुसार तोकिएका परीक्षाहरु तोकिएको पाठ्यभार अनुसार सञ्चालन गर्ने र प्रत्येक शिक्षकसंग पाठ्यक्रम र शिक्षक निर्देशिकाको उपलब्धता र प्रयोगलाई सुनिश्चित गर्ने, समय समयमा कक्षागत रुपमा विद्यालय र अभिभावक बीच शैक्षिक अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।

३४. विद्यार्थीहरुको सिर्जनात्मक क्षमताको विकासको लागि शुक्रवारको दिन दैनिक पठनपाठनको कार्य समाप्त भए पश्चात उनीहरुलाई अनिबार्य रुपमा अतिरिक्त कृयाकलापमा सक्रिय सहभागी गराउने ।

३५. विद्यालयमा विषयगत समिति गठन गर्ने, मासिक स्टाफ बैठक वसी विषयगत उपलब्धिका वारेमा गाउँपालिकामा शिक्षणमा ख्याती कमाएका विज्ञ शिक्षकहरु र सकभर पालिकाका जनप्रतिनिधिहरु समेतको सहभागितामा छलफल गरी शिक्षण क्रियाकलाप थप प्रभावकारी बनाउने ।

३६. विद्यार्थीको पोर्टफोलियो अनिबार्य रुपमा राख्ने व्यवस्था मिलाउने ।

३७. विशेष सहयोगको आवश्यकता पर्ने विद्यार्थीका अभिभावकलाई विद्यालयमा आमन्त्रण गरी परामर्श दिने ।

३८. विद्यार्थीको सिकाइ उपलब्धीको आधारमा राम्रो गर्ने शिक्षकलाई प्रोत्साहनको व्यवस्था गर्ने ।

३९. प्रचलित कानूनको परिधिमा रही विद्यालयका शिक्षक, अभिभावक संघ, विद्यार्थी, विव्यस र अभिभावक समेतका लागि अलग अलग आचार संहिता निर्माण गरी लागू गर्ने ।

४०. छात्रबृत्ति वितरण तोकिएको समयमा तोकिएको मापदण्ड अनुसार वितरण गरी सो को भरपाई शिक्षा शाखामा पेश गर्ने ।
४१. विद्यालयमा पुस्तकालय, प्रयोगशाला र कम्प्यूटर ल्यावको क्रमसः व्यवस्थापन गर्ने ।
४२. सेवा क्षेत्र भित्रका विद्यालय उमेरका बालबालिकाहरु विद्यालय बाहिर नरहेको सुनिश्चितताको घोषणा गर्ने ।
४३. दीवा खाजा व्यवस्थापन मापदण्ड बमोजिम हरेक बार खाना चारको अवधारणा अनुसार तालिका बनाई दीबा खाजालाई थप व्यवस्थित गर्ने
४४. बार्षिक परीक्षामा आफ्नो विषयमा उत्कृष्ट नतिजा दिन सक्ने शिक्षकहरुलाई पुरस्कृत गर्दै लैजाने ।
४५. विद्यार्थीहरुलाई नियमित गृहकार्य दिने तथा परीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने व्यवस्था मिलाउने ।
४६. नेपालको राष्ट्रिय एकता, सार्बभौमिकता तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप विद्यालयमा हुन नदिने।
४७. विद्यालय तथा छात्रवासमा स्वस्थकर र नैतिक चरित्र निर्माणको वातावरण कायम गर्न आवश्यक व्यवस्था मिलाउने ।
४८. विद्यार्थीको नाम, थर, जन्ममिति र विद्यार्थीहरुका बाबु आमाको नाम, थर जस्ता महत्वपूर्ण विवरण नीज विद्यार्थीहरुको जन्मदर्ता प्रमाणपत्रको आधारमा रुजु गरी गराई इन्ट्री गर्ने व्यवस्था मिलाउने ।
४९. प्रत्येक बर्ष गाउंपालिकावाट नियुक्त लेखापरीक्षकबाट विद्यालयको लेखा परिक्षण गराई लेखापरीक्षकबाट प्राप्त प्रतिबेदन शिक्षक तथा अभिभावकको भेला गराई सार्बजनिक गरी त्यस्तो प्रतिबेदन र वासलत नियमित रुपमा पालिकाको शिक्षा शाखामा पठाउने ।
५०. विव्यस र शिक्षक अभिभावक संघलाई कुनै पनि समयमा रिक्तताको अवस्था सृजना हुन नदिने ।
५१. गाउंपालिकाको स्वीकृत वेगर कुनै पनि गैरसरकारी संस्थाका कार्यक्रम विद्यालयमा नराख्ने साथै विद्यालय समय भित्र प्र.अ. तथा शिक्षकहरु त्यस्ता संस्थाको कार्यक्रममा सहभागी समेत नहुने ।
५२. प्रधानाध्यापकले हप्तामा कम्तीमा ४ ओटा शिक्षकहरुको कक्षा अवलोकन गर्ने र पृष्ठपोषण दिने, विव्यस शिक्षक अभिभावक संघबाट नियमित रुपमा विद्यालयको निरीक्षण तथा अनुगमन गर्ने व्यवस्था मिलाउने, विशेषज्ञ सहितको समूहद्वारा नमुना पाठ प्रदर्शन गर्न लगाउने ।
५३. विद्यालयमा प्रत्येक शिक्षकबाट विषयगतरुपमा आवश्यक शैक्षिक सामग्रीको सूची तयार गर्न लगाई सोको आधारमा शैक्षिक सामग्री निर्माण कार्यशाला सञ्चालन गर्ने, Low Cost No Cost जस्ता सामग्रीको व्यवस्था मिलाई सामग्री सहितको शिक्षण सुनिश्चित गर्ने ।
५४. लिडर विद्यालयहरुले आफ्नो वडा भित्र रहेका फिडर विद्यालयहरुको समेत शैक्षिक गुणस्तर सुधारमा सहजीकरण गर्ने र आवश्यक्ता अनुसार फिडर विद्यालयका शिक्षकहरुको क्षमता अभिबृदिका लागि विषयगत शिक्षकहरुको बीच अन्तरक्रिया समन्वय तथा सहकार्यको बातावरण निर्माण गर्ने ।
५५. विद्यालय शान्ति क्षेत्र राष्ट्रिय प्रारुप अनुसार विद्यालयलाई शान्ति क्षेत्रका रुपमा स्थापित गर्ने ।
५६. विद्यालय हाता भित्र विद्यार्थी प्रतिभा प्रस्फुटन गराउने बोर्ड, साहित्यिक कर्नर, नविनतम ज्ञान पाटीको व्यवस्था गर्ने । सबै कक्षाकोठामा ऐना र रुमालको व्यवस्था गर्ने ।
५७. भौतिक कार्यक्रम अन्तर्गतको पूराना कार्यहरु सम्पन्न गरी कार्य सम्पन्न प्रतिबेदन लिई बेरुजु शून्य गर्ने ।
५८. गाउंपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्ने सम्पूर्ण विवरणहरु तोकिएको ढाँचामा समयभित्र पेश गर्ने ।
५९. विद्यार्थी कार्य विभाजन तालिकाको निर्माण र प्रयोग गर्ने।

६०. सिकाइ उपलब्धी पुरा नगरी माथिल्लो कक्षामा upgrade गरिएका विद्यार्थीलाई अतिरिक्त कक्षा सञ्चालन गर्ने गराउने प्रबन्ध विद्यालयले मिलाउने ।
६१. शिक्षक तथा कर्मचारीहरुले आचरण र कार्यसम्पादनसम्बन्धी कार्य गर्ने ।
६२. विद्यालयमा शैक्षिक बातावरण, गुणस्तर, अनुशासन, सच्चरित्रता, शिष्टता कायम राख्ने, विद्यालयका शिक्षक तथा कर्मचारीहरुसंग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरुबीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने ।
६३. साना कक्षामा विषय अनुसार भित्ता विभाजन र सजावट गर्ने।
६४. विद्यालयबाट प्रेषित हुने चिठीपत्र लगायतका कार्यहरु अनिबार्य रुपमा कम्प्यूटर टाइपिङ भएको हुनुपर्ने ।
६५. विद्यालयका महत्वपूर्ण अभिलेखहरु कम्तीमा १५ बर्षसम्म सुरक्षित रहने गरी प्रबन्ध मिलाउने र महत्वपूर्ण कागजातहरुलाई तुरुन्त डिजिटलाइज गर्ने ।
६६. विद्यालयमा दर्ता चलानी, अनुगमन निरीक्षण पुस्तिका, विरामी बिदा र दिवा खाजा निरीक्षण पुस्तिका तथा जिन्सी खाताहरुलाई व्यवस्थित गर्ने ।
६७. विद्यालय वरिपरी हरियाली बाताबरण निर्माण गर्ने । **करेसाबारीको उपयोग गर्दै पढ्दै कमाउँदै र कमाउँदै पढ्दै कार्यक्रमलाई क्रमसः अगाडि बढाउने ।**
६८. प्रधानाध्यापक हरेक दिन विद्यालय शुरु हुनुभन्दा कम्तीमा ३० मिनेट अगाडि र विद्यालय बन्द भएको कम्तीमा १५ मिनेट पछाडि मात्रै विद्यालय छोड्ने ।
६९. सबै प्रअहरु विद्यालयमा जाँदा र गाउँपालिकामा कार्यालय समयमा आउँदा अनिबार्य परिचय- पत्र सहित विद्यालय पोशाकमा आउने र सबै शिक्षकहरुलाई तदनुरुप नै अनिबार्य गराउने ।
७०. शैक्षिक गतिविधिका सम्पूर्ण स्थानहरुमा समय व्यवस्थापनलाई अत्यन्तै ख्याल गर्ने ।
७१. विद्यार्थीहरुलाई सम्बोधन गर्दा आदरार्थी शब्दहरु प्रयोग गर्ने।
७२. विद्यालय प्रशासन, वडा शिक्षा समिति, गाउँ शिक्षा समिति, शिक्षा शाखा र गाउँ कार्यपालिकाबाट हुने अनुगमन निरीक्षण र सुपरीबेक्षणलाई नतिजामा आधारित बनाउने।
७३. प्रअ वा शिक्षकहरुले तालिम, कुनै बैठक वा अन्य कुनै गोष्ठीमा सहभागी भएर विद्यालयमा फिर्ता भइ सकेपछि तालिममा सिकेका कुराहरु एकआपसमा आदानप्रदान गर्ने ।
७४. शिक्षकहरु अनुपस्थित भई कुनै पिरियड खाली हुँदा बैकल्पिक व्यवस्थापन गर्ने ।
७५. सिकाइ वडापत्र र अभिभावक वडापत्र निर्माण गरी कार्यान्वयन गर्ने।
७६. विद्यालयहरुले सबै सरोकारवालाहरुमा अरुले केही गरेनन भन्ने होइन, मैले के गर्नुपर्थ्यो? के गर्न सकिन? र विद्यालय राम्रो बनाउन म नै जिम्मेवार छु भन्ने भावनाको विकास गर्ने ।
७७. शिक्षा शाखाले प्रअसंग र प्रअले शिक्षकसंग कार्य सम्पादन सम्झौता गर्ने ।
७८. विद्यार्थीका नजरमा शिक्षक तथा म विद्यार्थीका लागि र विद्यार्थी मेरा लागि भन्ने जस्ता कार्यक्रम सञ्चालन गर्ने।
७९. विद्यार्थीहरुका लागि महिनाको चार दिन विद्यालयले Textbook Holiday किताब बिहीन कक्षा सञ्चालन गर्ने ।
८०. शैक्षिक सामग्री निर्माण सप्ताह आयोजना गरी बर्षमा एक पटक शैक्षिक प्रदशनी गर्ने ।
८१. विद्यालयमा जुनियर रेडक्रस सर्कल, बाल क्लव र स्काउट आदि गठन गरी तदनुरुपका कृयाकलापहरु गर्ने।
८२. विद्यालयले प्रत्येक बर्ष स्थिति प्रतिबेदन प्रकाशन गर्ने।
८३. अनुपस्थित विद्यार्थीका बारेमा अभिभावकलाई तत्काल सम्पर्क गरी सोको कारण पत्ता लगाई तदनुरुपको कार्य गर्ने।

८४. अन्य विद्यालयहरुका शिक्षकहरुसँग भेटघाट, अन्तक्रिया र आफ्ना स्टाफहरुवीच नमुना कक्षा प्रदर्शन, कक्षा अवलोकन र पृष्ठपोषण प्रदान गर्ने।

८५. प्रत्येक दुई महिनाको कम्तीमा एकपटक विद्यालय सेवा क्षेत्रभित्र अभिभावक भेटघाट कार्यक्रम सञ्चालन गर्ने ।

८६. विद्यालयका प्रमुख गतिविधिलाई त्रैमासिक रुपमा सूचना पाटीमा टाँस गर्ने ।

८७. सम्पूर्ण विद्यालयहरुले विशेष गरी बालविकास कक्षा देखि कक्षा ३ सम्मको शैक्षिक र शैक्षणिक गतिबिधिहरुमा आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गर्ने।

८८. प्रचलित कानूनको परिधिभित्र रहेर शैक्षिक कार्यहरु गर्ने गराउने ।

उल्लेखित सतप्रयासहरुलाई सार्थकता प्रदान गर्न तथा यस्तै खाले अन्य नवीन सोचलाई शिक्षा क्षेत्रमा प्रयोग गरी शैक्षिक उन्नती गर्न सवैको रचनात्मक एवं सकारात्मक सहयोग गाउँपालिकाले पाएमा मात्र शैक्षिक विकासमा टेवा पुग्न सक्छ । उल्लेखित मार्गचित्रलाई प्रभावकारी रुपमा सञ्चालन गरी लक्षित उद्देश्य हासिल गर्न सरोकार पक्ष सवैको सदभाव, सहयोग, सहकार्य, समन्वय, समर्पण, स्वामित्व र समीक्षा (सात **"स"**) को अहम भूमिका हुने यथार्थतालाई नकार्न सकिन्न ।पेशा प्रति निष्ठापूर्वक समर्पित शिक्षाकर्मी, अनुशासित विद्यार्थी, सचेत अभिभावक तथा शिक्षा अनुरागी समुदाय भएमा हामीले लिएका रणनीति सहजतापूर्वक पूरा हुनेछ ।